कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को मिति २०८० श्रावण २९ गते बसेको पहिलो बैठकका निर्णयः-

**निर्णय नं.१:-** प्रदेश र स्थानीय तहको प्रशासनिक अन्तरसम्बन्ध विकास गर्न दुवै तहमा कार्यरत कर्मचारीहरुले अन्तरसम्बन्ध स्थापित गरी कार्यसम्पादन गर्नु पर्ने विषयका सम्बन्धमा आवश्यकता अनुसार सहजकर्ता, मध्यस्थकर्ता, परामर्शदाता, समन्वयकर्ता तथा सूचनाबाहकको रुपमा कार्यसम्पादन गर्ने गराउने ।

**निर्णय नं. २:-** संघ, प्रदेश र स्थानीयतहविच कार्यसम्पादनको क्रममा देखिएका समस्याहरुको समाधानका लागि प्रचलित कानूनको परिपालना गर्दा आपसि वार्ता, परामर्श तथा पारस्परिक सहयोग गर्ने कार्य गरी प्रशासनीक सद्भाव कायम गर्ने ।

**निर्णय नं. ३:-** प्रदेश समन्वय परिषद बाट यस अघी भएका पाँच वटा बैठकका निर्णय कार्यान्वयनको समिक्षा गरी निर्णय कार्यान्वयन गर्न बाँकिरहेका कार्यहरुसम्पादन गर्न सहकार्य गर्ने ।

**निर्णय नं. ४:-** प्रदेश भित्रका सबै जिल्लामा फैलिएको तथा केहि स्थानीयतहमा व्यापक रुपमा देखिएको मानिसमा हुने डेङ्गी तथा गाईभैसी आदि घरपालुवा जनावरमा हुने लम्पी स्किन रोग नियन्त्रण गर्न आपसि सहकार्य गर्ने ।